## प्रस्तावहरुः

२०७९।०८०-०१।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०१।०२ आव २०७८।०७९ को बार्षिक प्रगती समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०१।०३ आव २०७९।०८० को लागी स्थानीय दररेट निर्धारण सम्बन्धमा ।

२०७९।०८०-०१।०४ आर्थिक बर्ष २०७८।०७९ मा गाउँपालिकामा सम्झौता भएका तर अन्तिम भुक्तानी हुन नसकेका चालूतर्फका फाइल तथा पूजिंगत योजनाहरुको भुक्तानीको लागी अघिल्लो आर्थिक बर्षको विल भरपाइका आधारमा चालू आर्थिक बर्षमा भुक्तानी सम्बन्धमा ।

२०७९।०८०-०१।०५ बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धमा ।

२०७९।०८०-०१।०६ सेवा करारमा कार्यरत कर्मचारीको करार म्याद थप गर्ने सम्बन्धमा।

२०७९।०८०-०१।०७ पाचौं राष्ट्रिय मानवअधिकार कार्ययोजना अन्तरगत गाउँपालिकास्तरीय समन्वय समिति गठन सम्बन्धमा।

२०७८।०७९-०१।०८ गाउँसभा बस्ने सम्बन्धमा ।

२०७८।०७९-०१।०९ रूपाकोट अस्पताल व्यवस्थापन सम्बन्धमा ।

२०७८।०७९-०१।१० नदिजन्य पदार्थ चोरी निकासी सम्बन्धमा ।

२०७८।०७९-०१।११ बिविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७९।०८०.०१।०१**

प्रस्ताव नं २०७९।०८०.०१।०१ माथी छलफल गर्दा रुपा गाउँकार्यपालिकाको बैठकको आर्थिक बर्ष २०७८।०७९ मा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरि सोको विस्तृत प्रतिवेदन आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०.०१।०२**

प्रस्ताव नं २०७९।०८०.०१।०२ माथी छलफल गर्दा गाउँपालिकाबाट आर्थिक बर्ष २०७८।०७९ मा सम्पादित कार्यहरुको सम्बन्धमा मिति २०७९ असार ३२ गते शनिवार सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन सहित रुपा गाउँ कार्यपालिका सदस्यहरु, कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुख एवं सदस्यहरु समेतको उपस्थितिमा मिति २०७९ साउन ६ र ७ गतेको कार्यशालावाट प्राप्त प्रतिवेदन समेतका आधारमा गाउँपालिकामा प्रभावकारी सेवा प्रवाहको लागी अन्तरवडा अन्तरशाखागत समन्वय थप



रुपा गाउँपालिका कास्की

प्रभावकारी बनाउने गरी आर्थिक बर्ष २०७९।०८० को लागी बार्षिक कार्ययोजना निर्माण गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०३**

प्रस्ताव नं २०७९।०८०-०१।०३ माथी छलफल गर्दा कास्की जिल्लाको लागी स्वीकृत दररेटको आधारमा छुट भएका विषयहरु समावेश गरी यसअघिको कार्यपालिका बैठकबाट वडा नं ६ को वडाध्यक्षको संयोजकत्वमा गठित दररेट निर्धारण समितिबाट पेश भएको प्रतिवेदन समेत अध्ययन गरी रूपा गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को स्थानीय दररेट स्विकृत गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०४**

प्रस्ताव नं २०७९।०८०-०१।०४ माथी छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ मा गाउँपालिकामा सम्झौता भएका तर अन्तिम भुक्तानी हुन नसकेका चालूतर्फका फाइल तथा पूजिंगत योजनाहरुको भुक्तानीको लागी अघिल्लो आर्थिक बर्षको विल भरपाइका आधारमा चालू आर्थिक बर्षमा भुक्तानी सम्बन्धमा गाउँपालिकाको आर्थिक प्रशासन शाखा, योजना शाखा तथा वडा कार्यालयहरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु कार्यपालिकाबाट स्वीकृत गरी अनुमोदनको लागी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०५**

प्रस्ताव नं २०७९।०८०-०१।०५ माथी छलफल गर्दा आर्थिक बर्ष २०७९।०८० को बार्षिक कार्ययोजना निर्माणको लागी गाउँपालिका अध्यक्षको संयोजकत्वमा, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरु, विषयगत शाखा प्रमुखहरु, वडा सचिवसमेत सदस्य रहने गरी गाउँपालिकास्तरिय समिति गठन गरी कार्ययोजना तर्जुमा गरी अनुमोदनको लागी आगामी कार्यपालिका बैठकमा पेश गर्ने तथा गाउँपालिकाका उपभोक्ता समितिमार्फत कार्यान्वियन गरिने योजनाहरुको कार्यान्वयमा सहजताको लागी हाल प्रयोगमा ल्याइएको योजना किताव परिमार्जनको लागी वडा नं ३ का वडाध्यक्ष श्री दिपेन्द्र गौतमको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०६**

प्रस्ताव नं २०७९।०८०-०१।०६ माथी छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ देखी गाउँपालिकाको विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थपको सम्बन्धमा आगामी गाउँसभामा पेश गर्ने गरी सो निर्णय नभएसम्मको लागी नियमित कामकाजमा खटाउने गरी निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०७**

प्रस्ताव नं २०७९।०८०-०१।०७ माथी छलफल गर्दा पाँचौ राष्ट्रिय मानवअधिकार कार्ययोजनको वुदाँ नं ४.२.४ कार्यान्वयको लागी रूपा गाउँपालिकास्तरीय समन्वय समिति निम्नानुसार गठन गर्ने निर्णय गरियोः

निम्नः

क) गाउँपालिका अध्यक्ष श्री नवराज ओझा — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष श्री लालसुब्बा गुरुङ — सदस्य

ग) वडाध्यक्षहरुः

श्री राम बहादुर गोदार

श्री राजन सुवेदी

श्री दिपेन्द्र गौतम

श्री मुकुन्द वहादुर वंशी

श्री राजन खनाल

श्री नारायण गुरुङ

श्री कृष्ण प्रसाद सुवेदी

घ) विषयगत शाखा प्रमुखहरुः

प्रशासन शाखा प्रमुख श्री लोकनाथ पौडेल

शिक्षा शाखा प्रमुख श्री सन्दिप पौडेल

स्वास्थ्य शाखा प्रमुख श्री रामचन्द्र ओझा

कृषि विकास शाखा प्रमुख श्री मनोज पौडेल

पशु सेवा शाखा प्रमुख श्री हिरामणी घिमिरे

महिला बालबालिका तथा अपाङ्गता भएका जेष्ठ नागरिकहरुको विषय हेर्ने शाखा प्रमुख श्री सिता सापकोटा सुवेदी

सूचना प्रविधि अधिकृत श्री लक्ष्मण पंगेनी

ङ) अध्यक्षले तोकेको नागरिक समाजका प्रतिनिधिहरुः

गैरसरकारी महासंघ कास्कीका अध्यक्ष डा वुद्धि वहादुर थापा

सगोल कास्कीको तर्फवाट श्री विमला केसी

पत्रकार शुसन घिमिरे रूपा ५ कास्की

च) सुरक्षा निकायको प्रमुखः

भिरचोक, तालबेशी र देउराली प्रहरी चौकी प्रमुख

छ) प्रमुख प्रशासकीय अधिकृत श्री सन्तोष ढुङ्गाना सदस्य सचिव ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०८</u>**

प्रस्ताव नं २०७९।०८०-०१।०८ माथी छलफल गर्दा रूपा गाउँपालिकाको गाउँसभा मिति २०७९ साउन १७ गते दिनको १ बजेदेखी सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०१।०९</u>**

प्रस्ताव नं २०७९।०८०-०१।०९ माथी छलफल गर्दा रूपा गाउँपालिकामा सञ्चालित १५ शैयाको रूपाकोट अस्पतालको नेपाल सरकारबाट दरबन्दी स्विकृत भएको जानकारी



रूपा गाउँपालिका कास्की

प्राप्त भइसकेकोले अस्पतालजन्य फोहरमैला व्यवस्थापनको लागी उपर्युक्त क्षेत्र पहिचान गरी सोको व्यवस्थापन गर्न आवश्यक कार्ययोजना निर्माणको लागी वडा नं ६को वडाध्यक्ष श्री नारायण गुरुङको संयोजकत्वमा वडा नं ७ का वडाध्यक्ष श्री कृष्णराज सुवेदी, वडा नं १ का वडाध्यक्ष श्री राम बहादुर गोदार, रूपाकोट अस्पताल प्रमुख डा ऋतुराज अधिकारी सहित स्वास्थ्य शाखा संयोजक श्री रामचन्द्र ओझा सदस्य सचिव रहने समिति गठन गरी सो समितिको प्रतिवेदनको आधारमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०१।१०</u>**

प्रस्ताव नं २०७९।०८०-०१।१० माथी छलफल गर्दा रूपा गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका सरकारी जग्गाहरु तथा सार्वजनिक जग्गाहरुबाट नदिजन्य पदार्थ तथा ढुङ्गा माटोको अवैध उत्खन्नन तथा ओसार पसार गरेको पाइएमा नेपाल प्रहरीको सिफारिसका आधारमा निम्नानुसारको जरिवाना गर्ने निर्णय गरियोः

निम्नः

| क्र स | विवरण | पटक | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १ | वढीमा ५ घनमिटर प्रति टिप | पहिलो पटकको लागि | रु ५,०००।- | टिप अनुसार जरिवाना रकम जोड गरिनेछ । |
| | | दोश्रो पटकको लागि | रू ७,५००।- | |
| | | तेश्रो पटकका लागी | रू १०,०००। | |
| | | तेश्रो पटक भन्दा वढी भएमा | रु २०,०००। | |
| २ | ५ घनमिटर भन्दा वढी प्रति टिप | पहिलो पटकको लागि | रु ७५,००।- | |
| | | दोश्रो पटकको लागि | रू १००००।- | |
| | | तेश्रो पटकका लागी | रू १५,०००। | |
| | | तेश्रो पटक भन्दा वढी भएमा | रु ३०,०००। | |

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०१।११</u>**

प्रस्ताव नं २०७९।०८०-०१।११ माथी छलफल गर्दा आजको बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७९ श्रावण १० गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

रुपा गाउँपालिका कास्की